# खानेपानी महसुल निर्धारण आयोग पदाधिकारी सिफारिस कार्यविधि,२०७८

**प्रस्तावना:** खानेपानी महसुल निर्धारण आयोग ऐन, २०६३ को दफा ३ बमोजिम आयोगको अध्यक्ष एवं सदस्यमा नियुक्तिका लागि सोही ऐन को दफा ४ को उपदफा २ बमोजिम सिफारिस गर्ने प्रयोजनका लागि ऐनको दफा ४ को उपदफा ३ बमोजिम देहायको कार्यविधि बनाई लागू गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "खानेपानी महसुल निर्धारण आयोग पदाधिकारी सिफारिस कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि सिफारिस समितिबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा

(क) "अध्यक्ष" भन्नाले खानेपानी महसुल निर्धारण आयोग ऐनको दफा ३ बमोजिम नियुक्त अध्यक्ष सम्झनुपर्छ।

(ख) "आयोग" भन्नाले "खानेपानी महसुल निर्धारण आयोग" सम्झनुपर्छ।

(ग) "ऐन" भन्नाले खानेपानी महसुल निर्धारण आयोग ऐन, २०६३ सम्झनुपर्छ।

(घ) "पदाधिकारी" भन्नाले आयोगको अध्यक्ष र सदस्यलाई जनाउँछ।

(ङ) "मन्त्रालय" भन्नाले खानेपानी मन्त्रालय सम्झनुपर्छ।

(च) "सिफारिस समिति" भन्नाले ऐनको दफा ४ बमोजिमको सिफारिस समिति सम्झनुपर्छ।

३. **पदाधिकारीको लागि योग्यता:** (१) पदाधिकारीको नियुक्ति वा मनोनयनको योग्यता ऐनमा तोकिए बमोजिम हुनेछ।

४.**सिफारिसका लागि अयोग्य मानिने:** देहायको व्यक्ति अध्यक्ष तथा सदस्यमा सिफारिसका लागि अयोग्य मानिनेछ:-

(क) दफा ३ बमोजिमको योग्यता नपुगेको,

(ख) अध्यक्षको हकमा पैंतीस वर्ष र सदस्यको हकमा तीस वर्ष उमेर पूरा नभएको,

(ग) भ्रष्टाचार, सम्पत्ति शुद्धिकरण, मानव बेचबिखन, लागूऔषधको कारोबार, पुरातात्विक वस्तु वा संरक्षित वन्यजन्तु सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अभियोग लागेको वा सजाय पाएको,

(घ) प्रचलित कानुन बमोजिम कालोसूचीमा समावेश भएको,

(ङ) कुनै विदेशी मुलुकमा स्थायी आवासीय अनुमति प्राप्त गरेको,

(च) आफू नियुक्त हुने सार्वजनिक निकायमा हिताधिकारी वा लाभग्राही भएको,

(छ) सिफारिस हुने निकायसँग कुनै ठेक्कापट्टा सम्झौता गरी काम गरिरहेको वा निजी स्वार्थ रहेको,

(ज) मानसिक सन्तुलन ठीक नभएको र

(झ) गैह्र नेपाली नागरिक।

५.**सूचना प्रकाशन गर्ने:** (१) सिफारिस समितिले आयोगको पदाधिकारी सिफारिसका लागि कम्तिमा पन्ध्र दिनको अवधि दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा, मन्त्रालयको सूचना पाटी एवं वेवसाईटमा सूचना प्रकाशित गरी इच्छुक व्यक्तिबाट अनुसूची-१ बमोजिमको दरखास्त आव्हान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन भएपछि सो सूचना बमोजिमको पदमा नियुक्ति हुन चाहने दफा ३ बमोजिमको योग्यता पुगेको व्यक्तिले देहाय बमोजिमका विवरण तथा कागजातको प्रमाणित प्रति संलग्न गरी सिफारिस समिति समक्ष दखास्त दिन सक्नेछ:-

(क) नागरिकताको प्रतिलिपि,

(ख) व्यक्तिगत विवरण (Bi o-dat a),

(ग) शैक्षिक प्रमाण पत्रको प्रतिलिपि,

(घ) अनुभव खुल्ने कागजातको प्रतिलिपि र

(ङ) उपदफा (१) बमोजिमको सूचनामा तोकिएको अन्य आवश्यक कागजात।

(३) उपदफा (२) बमोजिम अध्यक्षको पदमा दखास्त दिन इच्छुक व्यक्तिले त्यस्तो दरखास्त साथ अनुसूची-३ बमोजिमको खानेपानी महसुल निर्धारण आयोगको सुधार सहितको पाँच हजार शब्दमा नबढाई तयार गरिएको व्यावसायिक कार्ययोजनासमेत छुट्टै खाममा सिलबन्दी गरी पेश गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम सदस्य पदमा दरखास्त दिन इच्छुक व्यक्तिले त्यस्तो दरखास्त साथ अनुसूची-४ बमोजिमको खानेपानी महसुल निर्धारण आयोगको कार्यसम्पादनलाई प्रभावकारी रुपमा अगाडी बढाउन पन्ध्र सय शब्दमा नबढाई तयार पारिएको अवधारणा पत्र छुट्टै खाममा सिलबन्दी गरी पेश गर्नुपर्नेछ ।

६. **उम्मेदवारको संक्षिप्त सूची प्रकाशन गर्ने:** सिफारिस समितिले दरखास्त दिने अवधि समाप्त भएपछि अनुसूची-२ को मूल्याङ्कनका आधार अनुसार अध्यक्षको हकमा शैक्षिक योग्यता , अनुभव र व्यवसायिक कार्ययोजनाको मूल्याङ्कनको आधारमा बढी अंक प्राप्त गर्ने र सदस्यको हकमा शैक्षिक योग्यता, अनुभव र अवधारणा पत्रको मूल्याङ्कनको आधारमा बढी अंक प्राप्त गर्ने बढीमा पाँच गुणा उम्मेदवारहरुको संक्षिप्त सूची मन्त्रालयको वेवसाइट तथा सूचना पाटीमा प्रकाशन गर्नु पर्नेछ। दुई वा सो भन्दा कम आवेदन परेमा उक्त आवेदनलाई कायमै राखी म्याद सकिएको ३ कार्यदिन भित्र थप ७ दिनको म्याद दिइ राष्ट्रियस्तरको दैनिक पत्रिकामा आवेदन दिन पुन: सूचना प्रकाशित गरिनेछ।

७. **मूल्याङ्कनको आधार:** (१) अध्यक्ष एवं सदस्य पदमा नियुक्तिको सिफारिसको लागि उम्मेदवारको सिफारिस गर्दा दफा-३ मा उल्लेख भए बमोजिम योग्यता एवं अनुसूची-२ बमोजिम शैक्षिक योग्यता, अनुभव, व्यावसायिक कार्ययोजना, अवधारणा पत्र, व्यावसायिक कार्ययोजना प्रस्तुतीकरण, अन्तवार्ता वा सिफारिस समितिले तोकेको अन्य थप उपयुक्त आधारमा मूल्याङ्कन गरिनेछ।

(२) अध्यक्ष पदमा नियुक्तिको सिफारिसका लागि दफा ३ बमोजिम योग्यता अनुसूची -२ बमोजिमको शैक्षिक योग्यता, अनुभव र व्यवसायिक कार्ययोजनाको मूल्याङ्कनका आधारमा बढिमा ५ जनाको संक्षिप्त सूची प्रकाशन गरिनेछ।

(३) सदस्य पदमा नियुक्तिको सिफारिसका लागि दफा ३ बमोजिमको योग्यता, अनुसूची २ बमोजिमको शैक्षिक योग्यता, अनुभव एवं अवधारणा पत्र समेतको मूल्याङ्कनका आधारमा प्रत्येक पदका लागि बढिमा ५ जनाको संक्षिप्त सूची प्रकाशन गरिनेछ।

(४) उपदफा २ र ३ बमोजिम संक्षिप्त सूचीमा परेका व्यक्तिहरुको शैक्षिक योग्यता , अनुभव, व्यावसायिक कार्ययोजना/अवधारणापत्र, अध्यक्षको उम्मेदवारको हकमा निजले पेश गरेको व्यवसायिक योजनाको प्रस्तुतीकरण र अन्तवार्तामा प्राप्त गरेको अकको आधारमा मूल्याङ्कन गरिनेछ ।

८. **सिफारिस:** (१) सिफारिस समितिले दफा ७ बमोजिमको मूल्याङ्कनको आधारमा प्राप्त अङ्क जोडी सवैभन्दा बढी अङ्क प्राप्त गर्ने कम्तिमा दुई जना योग्य उम्मेदवारको छनौट गरी नियुक्तिका लागि मन्त्रालयमा सिफारिस गर्नेछ।

९. **<u>बाधा अडकाउ फुकाउने अधिकारः</u>** यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा यस कार्यविधिको भावनाको प्रतिकूल नहुने गरी समितिले आवश्यक व्याख्या वा व्यवस्था गर्न सक्नेछ।

## अनुसूची-१
### (दफा ५ को उपदफा (१) सँग सम्बन्धित)
### नियुक्त वा मनोनयन हुन चाहने पदाधिकारीले पेश गर्नुपर्ने दरखास्तको ढाँचा

खानेपानी मन्त्रालय महसुल निर्धारण आयोगको अध्यक्ष तथा सदस्य पदमा नियुक्ति वा मनोनयन भई सेवा गर्न इच्छा भएकोले देहायका विवरण तथा कागजात संलग्न गरी यो दरखास्त पेश गरेको छु। सो पदमा नियुक्ति वा मनोनयनको लागि अवश्यक पर्ने योग्यता तथा अनुभव रहेको स्वघोषणा समेत गर्दछु र नियुक्ति वा मनोनयन भएको अवस्थामा प्रचलित कानून बमोजिम इमान्दारीपूर्वक आफ्नो पदीय जिम्मेवारी पूरा गर्ने प्रतिवद्धता व्यक्त गर्दछु ।

१. नियुक्ति वा मनोनयन हुन चाहेको पद:

२. दरखास्त पेश गर्ने व्यक्तिको:-

(क) <u>व्यक्तिगत विवरण</u>

नाम थर:- नागरिकता नं.:-

जारी मिति:- नागरिकता जारी जिल्ला:-

स्थायी ठेगाना:-

अस्थायी ठेगाना:-

जन्म मिति:-

सम्पर्क नं.:- इमेल:-

(ख) शैक्षिक योग्याको विवरण

| क्र.सं. | उपाधि | विश्वविद्यालय/शिक्षण संस्था | विशिष्टीकृत बिषय क्षेत्र | उत्तीर्ण गरेको साल | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

(ग) अनुभव:

| क्र.सं. | पद | तह | कार्यालय/संस्था | कार्यरत अवधि | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

(घ) लेख रचना तथा अन्य प्रकाशन

| क्र.सं. | लेख रचना र प्रकाशनको नाम वा विषय | प्रकाशित जर्नल/पुस्तक | प्रकाशन भएको साल | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

(ङ) अन्य केही खुलाउनु पर्ने भए:

| क्र.सं. | पद | तह | कार्यालय/संस्था | कार्यरत अवधि | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

**(च) संलग्न कागजात तथा विवरणः**

(१) नागरिकताको प्रतिलिपि,

(२) व्यक्तिगत विवरण,

(३) शैक्षिक प्रमाणपत्रको प्रतिलिपि,

(४) अनुभव खुल्ने कागजातको प्रतिलिपि,

(५) अन्य आवश्यक कागजात ।

माथि उल्लेख गरेका सबै विवरणहरु साँचो हुन झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

| **औंठाको छाप** | |
|---|---|
| | |
| **दायाँ** | **बायाँ** |

दस्तखतः...............................

मितिः....................................

अनुसूची-२

(दफा ७ को १ सँग सम्बन्धित)

नियुक्तिको लागि छनौट गर्न मूल्याङ्कनका आधार

नियुक्तिको लागि छनौट गर्न मूल्याङ्कनका आधार

(क) अध्यक्षको हकमा:

१. शैक्षिक योग्यता मूल्याङ्कनको आधार: पूर्णाङ्क:१५
- (क) न्यूनतम शैक्षिक योग्यता वापत -१० अङ्क
- (ख) माथिल्लो शैक्षिक योग्यता वापत -५ अङ्क

२. अनुभव मूल्याङ्कनको आधार: पूर्णाङ्क:१५
- (क) न्यूनतम तोकिएको कार्य अनुभव वापत - १० अङ्क
- (ख) थप कार्य अनुभव वापत प्रत्येक वर्षको १ को दरले बढीमा - ५ अङ्क

३. व्यावसायिक कार्ययोजनाको मूल्याङ्कनको आधार: पूर्णाङ्क:२५
- (क) अवधारणागत स्पष्टता -८ अङ्क
- (ख) सही सूचना र विश्लेषण -५ अङ्क
- (ग) समस्याको पहिचान र सुधारका लागि सुझाव -७ अङ्क
- (घ) लेखन शैली -५ अङ्क

४. व्यावसायिक कार्ययोजना प्रस्तुतीकरणको मूल्याङ्कनको आधार: पूर्णाङ्क:२५
- (क) अवधारणागत स्पष्टता -७ अङ्क
- (ख) प्रस्तुतीकरण शैली -५ अङ्क
- (ग) विषयवस्तुको विश्लेषण क्षमता (समग्र प्रस्तुतीकरण) -५ अङ्क
- (घ) आत्मविश्वास -४ अङ्क
- (ङ) समयको व्यवस्थापन -४ अङ्क

५. अन्तरवार्ता वापत पूर्णाङ्क:२०
- (क) विषयवस्तुको ज्ञान -५ अङ्क
- (ख) समस्याको पहिचान र विश्लेषण शैली -५ अङ्क
- (ग) व्यवहारिक ज्ञान -२ अङ्क
- (घ) अभिव्यक्ति शैली -३ अङ्क
- (ङ) व्यक्तित्व - २ अङ्क
- (च) आत्मविश्वास - ३ अङ्क

(ख) सदस्यको हकमा:

१. शैक्षिक योग्यता मूल्याङ्कनको आधार: पूर्णाङ्क:१५
- (क) न्यूनतम शैक्षिक योग्यता वापत -१० अङ्क
- (ख) माथिल्लो शैक्षिक योग्यता वापत -५ अङ्क

२. <u>**अनुभव मूल्याङ्कनको आधारः**</u> पूर्णाङ्कः१५

(क) न्यूनतम तोकिएको कार्य अनुभव वापत - १० अङ्क

(ख) थप कार्य अनुभव वापत प्रत्येक वर्षको १ को दरले बढीमा - ५ अङ्क

३. <u>**अवधारणा पत्रको मूल्याङ्कनको आधारः**</u> पूर्णाङ्कः२५

(क) अवधारणागत स्पष्टता -८ अङ्क

(ख) सही सूचना र विश्लेषण -५ अङ्क

(ग) समस्याको पहिचान र सुधारका लागि सुझाव -७ अङ्क

(घ) लेखन शैली -५ अङ्क

४. **अन्तरवार्ता वापत** पूर्णाङ्कः२०

(क) विषयवस्तुको ज्ञान -५ अङ्क

(ख) समस्याको पहिचान र विश्लेषण शैली -५ अङ्क

(ग) व्यवहारिक ज्ञान -२ अङ्क

(घ) अभिव्यक्ति शैली -३ अङ्क

(ङ) व्यक्तित्व - २ अङ्क

(च) आत्मविश्वास - ३ अङ्क

## अनुसूची- ३
## (दफा ५ को ३ सँग सम्बन्धित)
## व्यावसायिक कार्ययोजनाको नमूना

१. नेपालमा खानेपानी सेवा उपलब्ध गराउने एवं महसुल निर्धारण गर्ने विद्यमान नीतिगत व्यवस्थाको विश्लेषण (SWOT Analysis)

२. खानेपानीको महसुल निर्धारणको सैद्धान्तिक अवधारणा

३. खानेपानी महसुल निर्धारण सम्बन्धमा विश्वमा प्रचलित अभ्यास एवं सो को तुलनात्मक विश्लेषण र

४. खानेपानी महसुल निर्धारण आयोगको कार्ययोजना।

## अनुसूची- ४
### (दफा ५ को ४ सँग सम्बन्धित)
### अवधारणा पत्रको नमूना

१. नेपालमा खानेपानी सुविधाको वर्तमान अवस्था,

२. खानेपानीको महसुल निर्धारणको सैद्धान्तिक अवधारणा,

३. नेपालमा खानेपानी महसुल निर्धारणको व्यवस्था एवं अवस्था र

४. नेपालको सन्दर्भमा खानेपानी महसुल निर्धारणका लागि अवलम्बन गर्नुपर्ने आधारहरु।